# अनुसूची २

(दफा ५ तथा अनसूची - १ को भाग - २ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## सिगास गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १   संख्याः ६   मितिः असार ७ गते, २०७५ साल

## भाग - २

## सिगास गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, २०७५

(स्वीकृत मिति : २०७५।०३।०५)

# स्थानीय राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, २०७५

नेपालमा राजपत्रको प्रकाशन सर्वप्रथम २००८ साल श्रावण २९ गतेदेखि नेपाल गजेटको रुपमा शुरु भएको हो । नेपाल गजेटलाई २०२३ साल माघ १७ गतेवाट राजपत्रको नाम संशोधन गरियो । नेपाल राजपत्र नेपाल सरकारको आधिकारीक प्रकाशन हो जसमा राष्ट्र प्रमुखवाट जारि भएका सम्वोधन, विधायिकी सदनवाट पारित भएका ऐन अध्यादेशहरु र नियम, प्रकाशन गरिन्छ । विभिन्न प्रकारका महत्वपूर्ण सरकारी निर्णयहरुलाई वैधानिकता दिने तथा नागरिकहरुलाई ऐन, नियमको दायरा भित्र राख्ने सरकारी पत्र नेपाल राजपत्र हो । जुन हाल सम्म प्रकाशनमा आईरहेको छ । हाल आएर स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) स्थानीय राजपत्र प्रकाशन गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ ।

## प्रारम्भिक

१. **<u>कार्यविधिको नाम:</u>** यस कार्य विधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

२. **<u>कार्यविधि लागू हुने:</u>** यो कार्यविधि सिगास गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## स्थानीय राजपत्र प्रकाशनको प्रक्रिया र अंक

स्थानीय राजपत्रमा प्रकाशित सामग्रीहरु स्थानीय सरकारका सरोकारवाला महाशाखा, उपशाखा वा विभागको आधिकारीक प्रमाणीकरण पश्चात मात्रै गरिन्छ । ऐन, नियम, कार्यविधि कानून वा कार्यालयले वनाएका कानूनहरु अख्तियार प्राप्त अधिकारीले प्रमाणित गरी मात्र प्रकाशन गरिनु पर्दछ । यसै सन्दर्भमा स्थानीय राजपत्रलाई प्रकाशनको हिसावले निम्न २ तरिकावाट प्रकाशन गर्ने स्थानीय सरकारका निर्णयहरुलाई प्राथमिकता दिदै मुद्रण गरिनेछन ।

३. **स्थानीय राजपत्रको अंक:**

क) **नियमित अंक**: नियमित प्रकाशन हुने अंकमा स्थानीय सरकारवाट वा गाउँपालिकावाट पारित भएका सवै प्रकारका सूचना तथा नियमावली, विनियमावलीहरु, पारित निर्णयहरु रहने छन् ।

ख) **अतिरिक्ताकं**: स्थानीय सरकारले निर्णय गरेकै मिति उल्लेख गरी ऐन, नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका, सूचनाहरु गाउँ सभावाट पारित गरी उक्त मिति देखि लागु हुने गरी पछि प्रकाशित हुने राजपत्रलाई अतिरिक्ताकं भनिनेछ ।

## स्थानीय राजपत्रका भाग र ढाँचा

४. **स्थानीय राजपत्रको भागहरु:** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची - १ बमोजिमका भागहरुमा विभाजन गरिएको छ ।

५. **स्थानीय राजपत्रको ढाँचा:** स्थानीय राजपत्रको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **खण्डको व्यवस्था:** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमश: जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

७. **स्थानीय राजपत्रको संख्या:** (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमश: संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमश: संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

## राजपत्रवाट उठाईने राजश्व प्रक्रिया

यसरी प्रकाशन गरिने स्थानीय राजपत्रमा दुरुपयोग हुन नदिन स्थानीय सरकारलाई केही हद सम्म भए पनि आम्दानीहुने उदेश्यले प्रत्येक सदस्यका लागि र

फुटकर रुपमा खरिद गर्न चाहनेहरुका लागी देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

८. **<u>विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः</u>**

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दाः वडा कार्यालय वा सिगास गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५००/- (पाँच सय मात्र)

(ख) खुद्रा बिक्री गर्दाः स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि १० पेज सम्म एक प्रतिको रु.१० मात्र
- ११ देखि ३० पेज सम्म एक प्रतिको रु.२० मात्र
- ३० देखि ६० पेज सम्म एक प्रतिको रु.३० मात्र
- ६१ देखि बढी प्रति पेज ५० पैसाका दरले थप ।

९. **<u>कार्यविधिको व्याख्याः</u>** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१०. **<u>बचाऊः</u>** यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

## अनुसूची-१
(दफा ४ सँग सम्बन्धित)

# स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग-१

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

### भाग-२

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

# अनुसूची २

(दफा ५ तथा अनसूची - १ को भाग - १ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## सिगास गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ....... संख्याः ...... मितिः ........................

## भाग - १

...........................................

(स्वीकृत मिति : ..............।......।......)

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

(दफा ५ तथा अनसूची - १ को भाग - २ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## सिगास गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ....... संख्याः ...... मितिः ........................

## भाग - २

..............................................

(स्वीकृत मिति : ..............।......।......)

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

गणेशलाल महर्जन

प्रमुख प्रशासकीय अधिकृत